## माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले

# एक वर्षको अवधिमा सम्पन्न गरेका प्रमुख कार्यहरू

बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

२०८० पौष २५

मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा नेपाल

# मन्तव्य

दश वर्षे सशस्त्र सङ्घर्ष, १९ दिने ऐतिहासिक जनआन्दोलन र मधेस आन्दोलन लगायतका आन्दोलनको जगमा टेकेर नेपालको संविधानले सुनिश्चित गरेको सङ्घीय शासन प्रणालीको आधार स्तम्भका रुपमा रहेको प्रदेश सरकार स्थापना भएको छ वर्ष (पहिलो कार्यकालको पाँच वर्ष पूरा भई दोस्रो कार्यकालको पहिलो वर्ष) पूरा भएको छ। यो शुभअवसरमा यस ऐतिहासिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात महान शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै बेपत्ता योद्धा र घाइते अपाङ्गहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। यो परिवर्तनमा भूमिका खेल्नुहुने आम नेपाली जनसमुदायमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। जनताको बलिदानीबाट प्राप्त यो सङ्घीय शासन व्यवस्था सुदृढ गर्न प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेको सन्दर्भमा मेरो नेतृत्वमा बनेको बागमती प्रदेश सरकारले एक वर्षमा सम्पादन गरेका प्रमुख कार्यहरुको सार्वजनिकीकरण गर्न पाउनु एक महत्त्वपूर्ण अवसर हो।

यस अवधिमा बागमती प्रदेश सरकारका तर्फबाट निकै नै महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन्। प्रदेश सरकारलाई संस्थागत र सुदृढ बनाउनका लागि आवश्यक कानुन तथा नीतिहरू तर्जुमा गरिएको छ। प्रदेश सरकारको दोस्रो आवधिक योजना तयारीको कार्य शुरु गरिएको छ। प्रदेश सरकारका मन्त्रालय, निकाय तथा कार्यालयहरु स्थापना गरी सबै जिल्लाबाट सेवा प्रवाह तथा सञ्चालन गर्ने, भौतिक पूर्वाधार र आवश्यक जनशक्तिको प्रबन्ध र कर्मचारी वृत्तिविकासका कार्यमा उल्लेखनीय उपलब्धिहरु हासिल भएका छन्। संघ, अन्तर प्रदेश र यस प्रदेशभित्रका स्थानीय तहहरुसँग सहकार्य र समन्वय गर्ने कुरामा पनि उल्लेखनीय प्रगति भएको छ। प्रदेशभित्रका स्थानीय तहको क्षमता विकासका लागि बागमती प्रदेश सरकारले गरेको वित्तीय हस्तान्तरण, लगानी र सहयोगले स्थानीय शासन सुदृढीकरणमा अभूतपूर्व योगदान पुगेको छ । नीतिगत, संस्थागत र कार्यप्रक्रियागत सुधारबाट सार्वजनिक सेवाप्रवाह जनमैत्री र शासन व्यवस्था जवाफदेही एवम् पारदर्शी भई सुशासन कायम हुने अपेक्षा गरिएको छ।

बागमती प्रदेश सरकारले संविधान प्रदत्त अधिकारहरु सम्बन्धी कानुन निर्माण गरी सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन प्रदेश निजामती सेवा ऐन स्वीकृत भई संगठन संरचना तथा दरबन्दी व्यवस्थापन भएको, सडक, खानेपानी, सिंचाई लगायत भौतिक पूर्वाधार विकास, प्रदेश सार्वजनिक विश्वविद्यालय स्थापना, प्रदेश उच्च शिक्षा परिषद् गठन, प्रदेश शिक्षा नीति निर्धारण, प्रदेश अस्पतालहरुको स्तरोन्नति गरी विपन्न र असहायहरुका लागि निःशूल्करूपमा स्वास्थ्य सेवा र शय्यामार्फत स्वास्थ्य क्षेत्रमा आम नागरिकहरूको पहुँच बढाउन प्रदेश सरकार प्रयत्नशील रहेको छ। नेपाल भाषा र तामाङ् भाषालाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता प्रदान गरी प्रदेश सरकारले स्थानीय भाषा संस्कृतिको संरक्षण र विकासमा महत्वपूर्ण योगदान गरेको छ। चेपाङ्, चिउरी तथा चमेरो संरक्षण, गृहणी महिला उद्यमशीलता, दलित समुदाय समग्र विकास, नमूना वडा समाजवादी, समुदायमा आधारित कृषि उत्पादनजस्ता नवीनतम् कार्यक्रमहरु मार्फत लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरण गरी प्रदेशबासी जनसमुदायको रोजगारी र आयस्तर वृद्धिजस्ता बहुआयामिक विकासका क्षेत्रहरूमा महत्वपूर्ण उपलब्धि हासिल गरिरहेको छ। यी उपलब्धिहरू प्रदेशको समग्र विकासका दृष्टिले कोसेढुङ्गा नै हुन् भन्ने मेरो विश्वास रहेको छ।

अन्त्यमा, प्रदेश सरकारका सामु रहेका तमाम् समस्या र चुनौतीहरूको उचित समाधान गर्दै आगामी दिनमा प्रदेश सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन निरन्तर क्रियाशील रहने विश्वासका साथ प्रदेश सरकार सञ्चालनका क्रममा सहयोग पुऱ्याउनुहुने प्रदेश प्रमुखज्यू, माननीय मन्त्रीज्यूहरु, प्रदेश सभाका माननीय सदस्यज्यूहरु लगायत प्रदेश सरकारका कर्मचारीहरु तथा सम्पूर्ण सञ्चारकर्मी मित्रहरू प्रति हार्दिक आभार प्रकट गर्दै मेरो नेतृत्वमा बनेको बागमती प्रदेश सरकारको एक वर्ष पूरा भएको उपलक्ष्यमा प्रदेशबासी सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

२५ पौष २०८०

शालिकराम जम्कट्टेल

मुख्यमन्त्री

नेपालको संविधानले व्यवस्था गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुसार बागमती प्रदेश सभाको दोस्रो निर्वाचनपश्चात वर्तमान प्रदेशसरकार गठन भएको एक वर्ष पूरा भएको छ ।यस अवधिमा स्वीकृत नीति तथा कार्यक्रमअनुसार सार्वजनिक सेवा प्रवाह, सामाजिक विकास, पूर्वाधार विकासलगायत नागरिक सरोकारका हरेक पक्षमा सकारात्मक परिवर्तन ल्याउने दिशामा प्रदेश सरकार प्रतिबद्ध रहेको छ ।यस अवधिमा प्रदेश सरकारको कार्यसम्पादनमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्णमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दै बागमती प्रदेश सरकारले यस अवधिमा सम्पादन गरेका प्रमुख कार्यहरू र प्राप्त मुख्य उपलब्धिहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| १. | **नीतिगत तथा कानूनी सुधार** | • यस अवधिमा बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्का २४ बैठक सञ्चालन भई १३८ निर्णयहरू गरिएको ।<br>• यस अवधिमा बागमती प्रदेश सरकारले प्रदेश सभासमक्ष पेश गरेका सातवटा ऐन जारी भएको । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • बागमती प्रदेश सरकारबाट स्वीकृत भएका पाँचवटा नियमावली प्रदेश राजपत्रमा प्रकाशित भएको।<br>• प्रदेश सरकारको कार्य सरलीकरण तथा प्रभावकारी बनाउन निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत भएको ।<br>**यस अवधिमा जारी भएका नीति, ऐन तथा नियमावलीहरू**<br>• प्रदेश श्रम तथा रोजगार नीति २०८०<br>• प्रदेश बालबालिकासम्बन्धी नीति, २०८०<br>• मानव बेचबिखन ओसारपसार विरूद्धको संरक्षण नीति, २०८०<br>• प्रदेश निजामती सेवा ऐन, २०७९<br>• स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९<br>• प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ (संशोधन)<br>• सालबसाली विनियोजन तथा आर्थिक ऐनहरू<br>• प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन,२०७५ (संशोधन)<br>• प्रदेश मन्त्रालयहरूको कार्य विभाजनको परिमार्जनसहित प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०८०<br>• प्रदेश उच्च शिक्षा नियमावली, २०७९<br>• प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् नियमावली, २०८०<br>**अन्य नीतिगत सुधार**<br>• प्रदेश नीति तथा योजना आयोगद्वारा विषयगत विज्ञलगायत सरोकारवालाहरू सँग परामर्श गरी बागमती प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणा पत्र तर्जुमा भएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | • प्रदेश नीति तथा योजना आयोगद्वारा बागमती प्रदेशमा विश्वविद्यालय स्थापना अध्ययन प्रतिवेदन र कृषि क्षेत्रको नीतिगत, कानूनी र संस्थागत अवस्थासहितको विस्तृत प्रतिवेदन तयार भएको ।<br>• बागमती प्रदेशको दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्चको खोजीनीति सर्वेक्षण, २०७९ तयार भएको ।<br>• बागमती प्रदेशको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तयार भएको ।<br>• कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरणका लागि ४४ बुँदे प्रतिबद्धता सार्वजनिक गरिएको ।<br>• कृषि विकासको सोचसहितको अध्ययन प्रतिवेदनले सिफारिस गरेका नीतिगत विषयहरू कार्यान्वयनका लागि कृषि तथा |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | पशुपन्छी विकास कार्ययोजना तयार गरिएको ।<br>**<u>यस अवधिमा स्वीकृत प्रमुख निर्देशिका, कार्यविधि, मापदण्डहरूः</u>**<br>• सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि, २०७७ (संशोधन)<br>• प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन अनुगमन निर्देशिका, २०८० (संशोधन)<br>• सडक मर्मत सम्भार निर्देशिका, २०८०<br>• मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०<br>• प्रदेश गोदामघर व्यवस्थापन कार्यविधि, २०७९<br>• सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७९<br>• खरको छ्यानामुक्त बागमती प्रदेश कार्यक्रम संचालन कार्यविधि,२०८० |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • चेपाङ्ग, बनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम (मकवानपुर, चितवन, धादिङ) कार्यविधि,२०८०<br>• ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशूल्क हवाई उद्धारसम्बन्धी कार्यविधि, २०८०<br>• पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०<br>• बागमती प्रदेश आयोजनाको बहुबर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८०<br>• हेभी इक्युपमेन्ट (निर्माण उपकरण) चालक अनुमतिपत्र जारी गर्नका लागि लिइने प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता परीक्षासम्बन्धी मापदण्ड, २०७९<br>• प्रदेश विपद् कोष परिचालन कार्यविधि, २०८० |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८०<br>• द्वन्द्वपीडितका लागि सवलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०<br>• यूवा सचेतना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०<br>• स्थानीय न्यायिक सहजकर्ता नियुक्ति तथा परिचालनसम्बन्धी कार्यविधि, २०८०<br>• मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८०<br>• एक वडा एक कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०<br>• दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालनसम्बन्धी कार्यविधि, २०८० |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | **<u>यस अवधिमा प्रस्तावित विधेयकहरू</u>**<br>• विज्ञान प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०<br>• प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८०<br>• प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०<br>• हस्तकला ग्रामको स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०<br>**<u>संशोधनका लागि मन्त्रालयस्तरमा कार्यप्रक्रिया अगाडि बढेका कानुनहरू</u>**<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६<br>• प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन, २०७६ |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • सङ्घीय खानेपानी ऐन, २०७९ सँग तादात्म्य मिलाउने गरी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९<br>• **मन्त्रालयस्तरमा मस्यौदा भइरहेका नयाँ तथा संशोधन गर्नुपर्ने नीति, रणनीति तथा कानुनहरूको विवरण**<br>• प्रदेश सहरी नीति<br>• प्रदेश शिक्षा नीति<br>• प्रदेश भवन नीति<br>• ज्येष्ठ नागरिक नीति<br>• प्रदेश पर्यटन नीति<br>• प्रदेश सहकारी नीति<br>• प्रदेश संस्कृति नीति<br>• प्रदेश स्वास्थ्य नीति<br>• प्रदेश वाणिज्य तथा प्रादेशिक व्यापार नीति<br>• प्रदेश भूमि बैंकसम्बन्धी नीति<br>• प्रदेश उद्योग नीति |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • स्थानीय तहका लागि विज्ञापन कर (नियमन तथा व्यवस्थापन) विधेयक<br>• बागमती प्रदेशको प्रदेश तथ्याङ्क विधेयक<br>• प्रदेश नीति तथा योजना आयोग विधेयक<br>• प्रदेश भूमि बैंकसम्बन्धी विधेयक<br>• प्रदेश गुठी विधेयक<br>• प्रदेश उपभोक्ता हित संरक्षणसम्बन्धी बिधेयक<br>• प्रदेश औद्योगिक व्यवसाय नियमावली<br>• प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी नियमावली<br>• यातायात व्यवस्था नियमावली<br>• सवारी प्रदूषण जाँच नियमावली<br>• प्रादेशिक सडक गुरूयोजना<br>• सबै नीतिमा स्वास्थ्य (Health In all Policy) निर्देशिका<br>• सामुदायिक भवन निर्माण निर्देशिका |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • भौतिक पूर्वाधार हस्तान्तरणसम्बन्धी कार्यविधि<br>• प्रदेशमा एकीकृत सामुदायिक विकाससम्बन्धी कार्यविधि<br>• राईट शेयरिङ तथा पे बाईकसम्बन्धी कार्यविधि<br>• चार्जिङ्ग स्टेशन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि<br>• पार्किङ्ग तथा बस बिसौनीसम्बन्धी कार्यविधि<br>• सरकारी पदाधिकारी तथा कर्मचारीको कार्यकक्षसम्बन्धी मापदण्ड<br>• प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन<br>• पर्यटन व्यवसाय स्तरीकरणसम्बन्धी मापदण्ड<br>• बागमती प्रदेश सरकारलाई विपक्षी बनाइ दायर गरिएका १८४ वटा मुद्दामध्ये ५५ |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | थान मुद्दा फैसला भएकामा १२९ थान मुद्दाको कानूनी प्रतिरक्षा गरिएको।<br>• हालसम्म जारी भएका ऐन, नियम मूल एवम् संशोधनसहित समावेश भएको बागमती प्रदेश ऐन तथा नियम सङ्ग्रह, २०७९ प्रकाशन गरिएको। |
| २ | **सार्वजनिक प्रशासन व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन** | • प्रदेश सरकार (कार्यविभाजन) नियमावली परिमार्जन गरी साविकमा प्रदेशमा कायम रहेका मन्त्रालयहरूको संख्या घटाइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा प्रदेश मन्त्रालय कायम गरिएको ।<br>• बागमती प्रदेश सरकारको स्थायी संगठन संरचना विकास गर्न, सबै जिल्लाहरूमा सेवा एकाई तथा विकास निर्माणका फिल्ड एकाई रहने, कर्मचारीको वृत्तिविकास सुनिश्चित हुने र सेवा प्रवाहमा प्रभावकारिता ल्याउने गरी सबै |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | मन्त्रालय/सचिवालय/आयोग र अन्तर्गत कार्यालयहरूको विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरिएको ।<br>• नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा कर्मचारीको वैयक्तिक अभिलेख प्रणाली हस्तान्तरण भई प्रदेशका कर्मचारीहरूको सिटरोल दर्ताको कार्य प्रारम्भ भएको ।<br>• प्रदेश तथा स्थानीय तहहरूमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको समेतको जम्मा ५३ हजार ३२२ थान सम्पत्ति विवरणको अभिलेखबद्ध गरिएको ।<br>• साविकको संरचना र दरबन्दीमा नबढ्ने गरी सामाजिक विकास मन्त्रालयअन्तर्गत मकवानपुर, धादिङ, ललितपुर र काभ्रेपलाञ्चोकमा सामाजिक विकास कार्यालय रहने व्यवस्था गरिएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • पर्यटकीय क्षेत्र सौराहालाई थप व्यवस्थित र पर्यटन व्यवसायीलाई सहजीकरण गर्ने उद्देश्यले चितवनको सौराहामा पर्यटन कार्यालय स्थापना गरिएको।<br>• सहकारी रजिष्ट्रारको कार्यालयको दरबन्दी स्वीकृत गरिएको ।समस्याग्रस्त सहकारी संघसंस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीका लागि सहकारी संस्थाको निमित्त व्यवस्थापन समिति गठन गरिएको ।<br>• कृषि विकास कार्यालय तथा पशु सेवा कार्यालय नरहेका जिल्लाहरूमा पशु सेवा केन्द्र र कृषि सेवा केन्द्र स्थापना गरिएको।<br>• प्रदेशअन्तर्गतका मन्त्रालय तथा निकायहरूमा २०८० वैशाख १ गतेदेखि लागू हुने गरी अनिवार्य विद्युतीय हाजिरीलगायत कर्मचारीको नियमित |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | अभिलेख विद्युतीय माध्यमबाट राख्ने निर्णयबमोजिम सम्पूर्ण अभिलेख राखिएको।<br>• प्रदेश उच्च शिक्षा परिषद्‌को सचिवालय स्थापना गरिएको।<br>• प्रदेशमा उच्च शिक्षाको आवश्यकता पहिचानका लागि विज्ञ समूहबाट प्राप्त प्रतिवेदन कार्यान्वयन शुरूवात भएको।<br>• प्रदेश सार्वजनिक विश्वविद्यालय मकवानपुरमा स्थापना गर्ने प्रक्रिया अगाडि बढाउने गरी मन्त्रिपरिषद्‌बाट निर्णय भएको।<br>• विद्यालय शिक्षाको गुणस्तर सुधार सिफारिस कार्यदलको प्रतिवेदन प्राप्त भई कार्यान्वयन शुरूवात भएको।<br>• यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, गुर्जुधाराको कार्यालय भवन स्थापनार्थ नेपाल सरकारबाट काठमाडौंमा |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | ५ रोपनी जग्गा प्राप्त गरिएको ।हेटौंडा यातायात व्यवस्था कार्यालयका लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाईएको।<br>• यातायात व्यवस्था कार्यालय, काभ्रेपलाञ्चोकमा स्थापनाका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको।<br>• स्थानीय तहको समन्वयमा दोलखा जिल्लामा आप्रवासी स्रोत केन्द्रको स्थापना भएको ।<br>• अनलाइन राजश्व भुक्तानीसहितको अनलाइन सवारी चालक अनुमतिपत्र दर्ता प्रणालीको शुरूवात भएको।<br>• प्रदेश सुशासन केन्द्रको भौतिक पूर्वाधार विकासतर्फ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगैको भवन मर्मत गरी तालिम हल निर्माण भएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | **<u>कर्मचारी तथा पदाधिकारी क्षमता विकाससम्बन्धी तालिम</u>**<br>• बागमती प्रदेश कार्यालय मातहत रहेका कानुन अधिकृत, मुद्दा शाखा हेर्ने कर्मचारी, अदालतका ईजलाश अधिकृत, सकारी वकिल कार्यालयका सरकारी वकीलहरूका लागि रिट तथा कानूनी राय सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान र लिखित जवाफ लेखन सीपसम्बन्धी तालिम सम्पन्न भएको।<br>• कूल सम्पन्न कार्यक्रम (प्रदेश तथा स्थानीय)- ८८ वटा,<br>• लाभान्वित जनशक्तिः २८५६जना (६३७ जनप्रतिनिधि र २२१९ कर्मचारी),<br>• स्थानीय तहको संस्थागत क्षमता विकासः ८७ जनप्रतिनिधि र १९६ कर्मचारी गरी कूल २८३ जना, |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | • स्थानीय शासन प्रक्रियामा नागरिकप्रतिको समतलीय र उर्द्ध जवाफदेहिता सुदृढीकरणः २१० जना (४४ जनप्रतिनिधि) (१६६कर्मचारी),<br>• कर्मचारी क्षमता विकास(प्रदेश सुशासन केन्द्र)- ३९ जना,<br>• लैंगिक समानता तथा सामाजिक समावेशीकरणः ७२४ जना (३२९ जनप्रतिनिधि, ३९५ कर्मचारी)<br>• प्रदेशका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासः ५०४<br>• स्थानीय जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासः १०९६ (१७७ जनप्रतिनिधि र ९१९ कर्मचारी)<br>**शिक्षकहरूको क्षमता विकाससम्बन्धी तालिम**<br>• पुनर्ताजगी- ३१८०<br>• पेशागत विकास - (TPD) १५०० |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • व्यावसायिक तथा सीपमूलक- २६५८<br>**कर्मचारी व्यवस्थापन**<br>**प्रदेश लोकसेवा आयोगद्वारा विज्ञापन**<br>• विभिन्न सेवा, समूह र तहका ४५ वटा पाठ्यक्रमहरू नयाँ निर्माण गरी प्रदेश प्रशासन सेवा र स्थानीय सेवाको प्रशासन नवौं तहको पाठ्यक्रम परिमार्जन भएको।<br>• आन्तरिक अन्तर सेवा विज्ञापन (पद संख्या)- २६<br>**प्रदेश लोक सेवा आयोगद्वारा सिफारिस**<br>• आ.व. २०७९/८० मा ७१३<br>• आ.व. २०८०/८१मा हालसम्म ३०७ जम्मा १०२०<br>**कर्मचारी सरूवाको विवरण**<br>**स्थानीय सेवातर्फः**<br>• कूल सरूवा- ६७९ वटा<br>• अध्ययन पूर्व स्वीकृति- २६ वटा<br>• अध्ययन बिदा स्वीकृति -३ वटा |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | **प्रदेश सेवातर्फः**<br>• कूल सरूवा- ७७ वटा<br>• अध्ययन पूर्व स्वीकृति- २९ वटा<br>• अध्ययन बिदा स्वीकृति- १५ वटा<br>**बढुवा सिफारिस संख्या**<br>**स्थानीय सेवातर्फः**<br>• पाँचौं तह- १३ कर्मचारी<br>• सातौं तह- १९ कर्मचारी<br>• नवौं तह- २ कर्मचारी<br>**प्रदेश सेवातर्फः**<br>• सातौं तह- ४४ कर्मचारी<br>• नवौं तह- २३ कर्मचारी<br>• एघारौं तह- १२ कर्मचारी |
| ३ | **पूर्वाधार निर्माण** | • यस अवधिमा २७२ कि.मि. पक्की तथा १५९ कि.मि. ग्रावेलस्तरको सडक निर्माण तथा स्तरोन्नति भएको। २६ वटा सडक पुल तथा ६ वटा झोलुंगे पुल निर्माण सम्पन्न भएको। |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • पर्यटकीय तथा ऐतिहासिक महत्त्व रहेको दक्षिण एसियाको पहिलो सुरूङ्ग मार्गको रूपमा परिचित चुरियामाई सुरुङ्मार्ग मर्मत कार्य सम्पन्न भएको।<br>• २ वटा सरकारी, १७६ वटा सामुदायिक तथा अन्य भवन निर्माण, ६ वटा पार्क निर्माण सम्पन्न भएको। जनता आवास कार्यक्रमअन्तर्गत २५५ वटा व्यक्तिगत आवास निर्माण सम्पन्न भएको।<br>• ३६४ कि.मि. सडकको नियमित तथा ३७० कि.मि. सडकको आवधिक तथा पटके मर्मत सम्भार भएको ।<br>• बागमती प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि वातावरणीय अध्ययनको प्रक्रिया अघि बढेको \| |
| ४ | **सामाजिक विकास ( युवा तथा** | • सामुदायिक विद्यालयहरूको स्तरोन्नति तथा शैक्षिक गुणस्तरको सुधारका लागि ९३ वटा दुई कोठे भवन निर्माण, १२८ वटा |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | **खेलकुदसमेत)** | विद्यालय घेराबार, ३३ वटा दुई कोठे शौचालय तथा ३१ वटा स्वच्छ खानेपानी व्यवस्थापन भएको ।<br>• २३६ वटा खेलमैदान निर्माण, दुधौली रंगशाला निर्माण कार्य सम्पन्न भएको।<br>• चितवनको गौतबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणमा प्रदेश सरकारले साझेदारी गर्नेगरी कार्यप्रारम्भ भएको ।<br>• १९ वटा सामुदायिक भवन निर्माण, र १३ वटा सामुदायिक क्याम्पसको भौतिक सवलीकरण भएको ।<br>• बागमती प्रदेशभित्रका स्नातक तहमा अध्ययनका लागि ३७९ छात्रालाई पाँच हजारका दरले र स्नातकोत्तर तहमा अध्ययनरत ११ छात्राहरूलाई सात हजारका दरले पहिलो किस्ता वापत शैक्षिक छात्रवृत्ति रकम उपलव्ध गराइएको । |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • बागमती प्रदेशभित्रका पाँचवटा विद्यालयहरूलाई आवासीय विद्यालयको रूपमा सञ्चालन गरी जम्मा ६५८ विद्यार्थीलाई आवासीय सुविधा उपलब्ध गराइएको ।<br>• स्थानीय तहको सहकार्यमा प्रत्येक जिल्लाका १/१ वटा गरी १३ वटा बालविकास केन्द्रको स्तरोन्नति गरिएको।<br>• विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम अन्तरगत सामुदायिक आधारभूत विद्यालय ७१ वटा र माध्यामिक विद्यालय १६८ मा चालू प्रकृतिको कार्यक्रम सञ्चालन गरी शैक्षिक सुधारको कार्यक्रम सञ्चालन भएको ।<br>• शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तरगत सामुदायिक आधारभूत तहका ५१ र माध्यमिक तहका |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | २०० विद्यालयमा शैक्षिक सुधारका कार्यक्रम सञ्चालन भएको ।<br>• २७ सामुदायिक विद्यालयलाई विद्यार्थीको आवागमन सहजताका लागि बस खरिदका गर्न अनुदान दिई सञ्चालनमा आएको ।<br>• ११ वटा स्थानीय तहलाई अनिवार्य तथा निःशूल्क शिक्षा घोषणाका लागि सहजीकरण गरिएको ।<br>• २६ जना महिला पत्रकारहरूका लागि विद्वतवृत्ति (Fellowship) फेलोसिप कार्यक्रम सञ्चालन भएको ।<br>• ३६ जना महिला उद्यमीहरूको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको ।<br>• आ.व. २०७९/०८० मा जिल्ला सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र, मनोसामाजिक मनोविमर्श केन्द्र संचालन गर्ने महिला सहकारी संस्था तथा Safe House लगायतका १६ वटा |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | संस्थाहरूलाई सञ्चालन गर्न अनुदान सहयोग उपलब्ध गराइएको जसबाट १५३८ जना सेवाग्राही लाभान्वित भएका।<br>• सडक मानवमुक्त प्रदेश स्थापनाका लागि मानव आश्रम हेटौँडा मकवानपुर, मानवकल्याण समाज भक्तपुर र कोशिस नेपाल ललितपुरलाई अनुदान सहयोग तथा नर्सिङ् सेवाका लागि स्वयम् सेवक व्यवस्थापन गर्न अनुदान सहयोग गरिएको।<br>• प्रथम बागमती प्रदेश युवा सम्मेलन सम्पन्न भएको ।<br>• बागमती प्रदेशको १३ वटै जिल्लामा ४०/४० किशोरीलाई आत्मरक्षा तालिम दिइएको । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • २४ महिने Apprenticeship तालिममा ४५७ जना प्रशिक्षार्थी भर्ना भई अध्यनरत रहेका ।<br>• ६० वटा TEVT शिक्षण संस्थाहरूलाई स्तर निर्धारणका लागि अभिमुखीकरण गरिएको । |
| ५ | **स्वास्थ्य सेवा** | • अस्पतालहरूको क्षमता तथा गुणस्तर सुधारका लागि भक्तपुर र हेटौंडा अस्पताललाई ३०० शय्या, सिन्धुली, त्रिशुली, बकूलहर रत्ननगर र धादिङ अस्पताललाई १०० शय्या, मेथिनकोट, चौतारा, रामेछाप र पशुपति चौलागाईँ स्मृति अस्पतालालाई ५० शय्या, बज्रबाराही चापागाउँ, टोखा चण्डेश्वरी र रसुवा अस्पतालाई २५ शय्यामा स्तरोन्नति गरिएको।<br>• बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहत रहेका १३ वटा प्रादेशिक |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | अस्पतालहरूमा ICU, NICU र क्याविन बाहेकका ८११ शय्याहरू मिति २०८० भाद्र १ गतेदेखि निःशूल्करूपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको।<br>• सबै अस्पतालहरूमा विपन्न असहाय, बेबारिसे बिरामीको लागि कूल शय्याको १० (दश) प्रतिशत शय्या निःशूल्करूपमा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गरिएको।<br>• बागमती प्रदेशमा सञ्चालन रहेका सबै सरकारी निजी, सहकारी तथा सामुदायिक अस्पतालहरूमा सवारी पार्किङ्ग निःशूल्करूपमा कार्यान्वयन भएको।<br>• २०८० भाद्र १ देखि बागमती प्रदेशका सबै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट Rehabilitation\Physiotherapy सेवा निःशूल्क उपलब्ध गराइएको। |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • प्रदेशमा बसोबास गर्ने लोपोन्मुख तथा सीमान्तकृत जातिहरू, क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरू, आश्रममा आश्रित असहाय नागरिकहरू र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले व्यहोर्ने व्यवस्था गरेकोमा हालसम्म ६३७ परिवार संख्या आबद्ध भएका।<br>• जनस्वास्थ्य प्रयोगशाला, धुलिखेलको सेवालाई स्वास्थ्य कार्यालय चितवनमा सेवा एकाईका रूपमा विस्तार गरी हालसम्म ३४०० सेवाग्राहीलाई सेवा प्रदान गरिएको ।<br>• स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट मेलम्ची अस्पतालमा एउटा एम्बुलेन्स तथा बकूलहर रत्ननगर अस्पताल, चितवन, रामेछाप अस्पताल, चौतारा अस्पताल, सिन्धुपाल्चोक, सिन्धुली अस्पताल, पशुपति |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | चौलागाईं स्मृति अस्पताल, दोलखा र रसुवा अस्पताल गरी सातवटा अस्पतालहरूमा शव वाहन वितरण गरिएको।<br>• स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट एन्टी हेमोफेलिक फ्याक्टर र Anti-Rabies Vaccine वितरण गरिएको साथै अतिअत्यावश्यक निःशूल्क औषधिहरू प्रदेशका १३ वटा अस्पताल तथा स्वास्थ्य कार्यालयहरू र स्थानीय तहमा वितरण गरिएको।<br>• स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा बायोमेडिकल वर्कसप स्थापना भएको ।<br>• प्रदेश स्वास्थ्य तालिम केन्द्र र स्वास्थ्य कार्यालयहरू मार्फत रूरल अल्ट्रासाउण्ड, नसर्ने रोगसम्बन्धी, दक्ष प्रसुतिकर्मीसम्बन्धी, पोषणसम्बन्धी, परिवार नियोजनका साधनसम्बन्धी, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्गसम्बन्धी एवम् |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | सुरक्षित गर्भपतनलगायतका तालिम सञ्चालन गरिएको ।<br>• मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उच्चस्तरको स्वास्थ्य जनशक्ति उत्पादनका लागि आवश्यक समन्वय र सहजीकरण गरी BPH, BSC Nursing, B Pharmacy, BLMT र एनेस्थेसिया असिस्टेन्ट कोर्सको पठनपाठन भइरहेको।<br>• बागमती प्रदेशमा डेंगु रोगको निदान, रोकथाम र नियन्त्रणका लागि खोज र नष्ट अभियान सञ्चालन, अन्तरक्रिया कार्यक्रम सम्पन्न साथै २००५ वटा डेंगु किट हस्तान्तरण गरिएको।<br>• सिन्धुली जिल्लालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपन घोषणा गरिएको।<br>• संघीय विशेष अनुदान कार्यक्रममार्फत प्रसूति केन्द्रहरूको सबलीकरण, स्वास्थ्य आमा समूहलाई स्वास्थ्य प्रवर्द्धन प्रविधिको |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | अनुसरणका लागि अनुदान प्रदान तथा वृद्धि अनुगमन सामग्री प्रदान एवम् किशोरकिशोरी लक्षित यौन तथा प्रजनन स्वास्थ्यलगायत कार्यक्रम सञ्चालन गरिएको।<br>• प्रादेशिक एवम् जिल्लास्तरीय महामारी एवं विपद् व्यवस्थापनको पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण (Contingency Plan) कार्य प्रारम्भ गरिएको ।<br>• ९४०० जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूलाई रू. ५००० का दरले प्रोत्साहन रकमसहित सम्मान गरिएको।<br>• स्वास्थ्य मन्त्रालय तथा मातहातका रहेको ४५ वटा निकायहरूका लागि १६७० वटा स्थायी दरबन्दी स्वीकृत गरिएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • सडक दुर्घटना न्यूनीकरणसम्बन्धी सरोकारवाला निकायहरूको संलग्नतामा प्रदेशस्तरीय कार्यदल गठन गरिएको।<br>• अटिजमको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूको नक्साङ्कन, मानसिक स्वास्थ्यको सुदृढीकरणको लागि प्रादेशिक अभिमुखीकरण गरिएको ।<br>• ५०४० वटा ब्लड ब्याग निःशूल्क वितरण गरिएको।<br>• प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य संचालन केन्द्रबाट एम्बुलेन्स सेवाको सुनिश्चितताका लागि २४ सै घण्टा १०२ हटलाईन नम्बरमार्फत एम्बुलेन्स प्रेषण सेवा प्रदान भइरहेको।<br>• एक विद्यालय एक नर्स कार्यक्रमअन्तर्गत बागमती प्रदेशका ११९ वटा स्थानीय तहमा ५१९ वटा विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम विस्तार |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | भएको र थप २६४ वटा विद्यालयहरूमा कार्यक्रम विस्तार गर्ने कार्यक्रम रहेको।<br>**<u>मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः</u>**<br>• क्यान्सर रोग लागेका ६८६५विपन्न बिरामीलाई प्रतिव्यक्ति रू. ५० हजारका दरले उपचारमा सहुलियत प्रदान गरिएको।<br>• हृदयघात भएका बिरामीका लागि उपचारमा सहुलियतसहितको TNK सेवा र एन्जियोप्लाष्टी सेवा प्रदान गरिएको।<br>• यस कार्यक्रमअन्तर्गत स्थानीय स्वास्थ्य संस्थाबाट स्क्रिनिङ् उपचार तथा परामर्श सेवा जम्मा २७३७६ (पुरूष = १७६८५, महिला = ९६९१) लाई प्रदान गरिएको। |
| ६ | **वित्तीय संघीयता** | • आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहलाई कूल ४ अर्ब ६३ करोड रूपैयाँ |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | वित्तीय हस्तान्तरणअन्तर्गत निकासा गरिएको ।<br>• २०८० साउनदेखि मङ्सिर महिनासम्म स्थानीय तहलाई वित्तीय हस्तान्तरणअन्तर्गत २ अर्ब ९१ करोड रूपैयाँ निकासा गरिएको ।<br>• प्रदेश सरकारले संकलन गरेको सवारी साधन करको चालीस प्रतिशत रकम मासिक रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिमको हिस्सा बाँडफाँट गरिएको।<br>• स्थानीय तहलाई सवारी साधन कर बाँडफाँटतर्फ आ.व. २०७९/८० को असार मसान्तसम्ममा ४ अर्ब ९ करोड रूपैयाँ र आ.व. २०८०/८१ को मङ्सिर मसान्तसम्म १ अर्ब ८९ करोड हस्तान्तरण भई कूल जम्मा ५ अर्ब ९८ करोड हस्तान्तरण गरिएको। |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • वित्तीय हस्तान्तरणअन्तर्गत स्थानीय तहमा हस्तान्तरित समपूरक तथा विशेष अनुदान कार्यक्रमहरूको नियमितरूपमा अनुगमन प्रतिवेदन गर्ने व्यवस्था मिलाइएको । <br>• भरतपुर महानगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि सशर्त अनुदान निकासा गरिएको । <br>• स्थानीय तहहरूबाट संकलन भई प्रदेश सरकारलाई बाँडफाँट हुनुपर्ने राजस्व संकलन तथा बाँडफाँटसम्बन्धमा स्थानीय तहहरूको अनुगमन गरी पृष्ठपोषण सङ्कलन तथा प्रदान गरिएको। <br>• मानव विकास सूचकाङ्कमा पछी परेका १३ जिल्लामा एकैसाथ गरिबी निवारण र सामाजिक विकासका कार्यक्रम शुरू गर्ने उद्देश्य सहित नमूना वडा समाजवादी कार्यक्रमको कार्यविधि स्वीकृत गर्दै कार्यक्रम अगाडि बढाइएको । जसमा |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | विकासको मूलप्रवाहमा पछी परेका वडाले एक करोड रूपैयाँसम्म अनुदान पाउने व्यवस्था मिलाइएको। |
| ७ | **सार्वजनिक खर्च व्यवस्थापन** | • सरकार गठन भएदेखि नै प्रदेशको आर्थिक पुनःरूत्थान तथा सार्वजनिक खर्चको व्यवस्थापनको लागि कार्य शुरूवात गरेको छ। मुलुकको सार्वजनिक खर्चको अवस्थामा सुधार ल्याउन तथा प्रदेश सरकारको सार्वजनिक खर्चलाई मितव्ययी बनाउन बजेट खर्च कटौती तथा सुधार गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यदल गठन गरी सो कार्यदलको सुझावअनुसार प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८०को बजेट तथा कार्यक्रममा २० देखि ३० प्रतिशतसम्म खर्च कटौती गर्ने निर्णय गरिएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • राजस्व प्रणालीलाई व्यवस्थित बनाई राजस्वका नयाँ आधार पहिचान गर्ने कार्यलाई विशेष प्राथमिकता दिइएको। <br>• २०७९ पौषदेखि असार २०८० सम्ममा चालूतर्फ १२ अर्ब ८६ करोड, पूँजीगततर्फ २५ अर्ब २७ करोड खर्च तथा निकासा भएको। २०८० साउनदेखि २०८० मङ्सिरसम्म चालूतर्फ ५ अर्ब १५ करोड, पूँजीगत तर्फ २ अर्ब ६९ करोड खर्च भएको । <br>• २०७९ पौषदेखि असार २०८० सम्ममा बाँडफाँटबाट प्राप्त हुने राजस्व तर्फ १३ अर्ब ७६ करोड, संघीय सरकारबाट प्राप्त अनुदानतर्फ १२ अर्ब ६ करोड, प्रदेशको आफ्नो स्रोतबाट ४ अर्ब ४९ करोड तथा बेरूजु र नगद मौज्दात गरी ३२ अर्ब १५ करोड राजस्व संकलन भएको । |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • २०८० साउनदेखि २०८० मङ्सिरसम्म बाँडफाँटबाट प्राप्त हुने राजस्व तर्फ ६ अर्ब ६० करोड, संघीय सरकारबाट प्राप्त अनुदानतर्फ ७ अर्ब ५६ करोड, प्रदेशको आफ्नो स्रोतबाट १ अर्ब ३७ करोड तथा बेरूजु र नगद मौज्दात गरी ६५ करोड ३३ लाख राजस्व संकलन भएको।<br>• विभिन्न सहकारी संघसंस्थाहरूको कार्यालय प्रयोजनका लागि घर जग्गा रजिस्ट्रेसन शूल्क छुट प्रदान गरिएको।<br>• बागमती सभ्यता शूल्क र नारायणी सभ्यता शूल्क खारेज गरिएको। केबुलकार, आकाशे सिसाको पुल र भ्युटावरमा मनोरञ्जन कर लाग्ने व्यवस्था गरिएको ।<br>• सामुदायिक वन उपभोक्ता समितिले समिति बाहिर काठ तथा काठजन्य सामग्रीको बिक्रीबाट संकलन गर्ने राजस्वको बीस |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको। |
| ८ | **कृषि विकास** | • भौगोलिक विशिष्टताका आधारमा स्थानीयस्तरमा समुदायमा आधारित भई कृषि उत्पादन वृद्धि गरी प्रशोधन तथा बजारीकरण प्रवर्द्धन गर्दै स्थानीय तहको सहकार्यमा कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन गर्न **एक वडा एक कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन** कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि स्वीकृत भई कार्यान्वयन प्रारम्भ भएको।<br>• कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट क्षति पुगेका ४१ जना किसानलाई १ करोड ५७ लाख ७५ हजार १ सय ६० रूपैंया राहत रकम उपलब्ध गराइएको । |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • प्राङ्गारिक मल उत्पादन कार्यलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय बनाई प्राङ्गारिक मलको नियमित प्रयोग गर्दै माटो व्यवस्थापन र दिगो कृषि उत्पादन कायम गर्न **एक प्रदेश, निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल कारखाना** स्थापना कार्यक्रम प्रारम्भ भएको ।<br>• घुम्ती प्रयोगशालामार्फत माटो शिविर सञ्चालन र प्रयोगशालाबाट ५,६४७ माटोको नमूना परीक्षण गरिनुका साथै परीक्षण नतिजाका आधारमा ३६.३ मेट्रिक टन कृषि चुन वितरण गरिएको।<br>• कृषक एवम् सरोकारवालाहरूको सम्बन्धित जिज्ञासा, गुनासो एवम् प्रश्नहरूको सुनुवाइका लागि निःशूल्क टोल फ्रि. नम्बर १८१०५०००११ सहितको डेस्क स्थापना भएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | • बागमती प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधीन शीत भण्डारहरूको निर्माण कार्य ८५ प्रतिशत सम्पन्न, रसुवा जिल्लामा सञ्चालनमा आएको, दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलीको मुलकोट र रामेछापको मन्थलीमा परीक्षण सम्पन्न भएको, यी सबै शीतभण्डारमा करिब १५,८०० मेट्रिक टन भण्डारणको क्षमता रहेको।<br>• दूध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिँदै प्रति लिटर रू. ३.५६३८ का दरले २१७ सहकारी संस्था तथा ५ निजी दुग्ध संकलन संस्थाका कृषकहरूलाई २९ करोड ९९ लाख ९८ हजार रूपैँया प्रोत्साहन रकम उपलब्ध गराइएको । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | • प्रदेशका कृषकहरूलाई बीउ उत्पादनमा प्रोत्साहन गर्न उत्पादनका आधारमा ६५१ मेट्रिक टन बीउको लागि जम्मा ५२ लाख ९५ हजार रूपैंया प्रोत्साहन रकम उपलब्ध गराइएको ।<br>• पशुपंक्षीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापनाका लागि भवन निर्माण कार्य सम्पन्न भएको ।<br>• दैनिक करिब ६० हजार लिटर दूधको पाउडर उत्पादन गर्न सक्ने गरी मकवानपुर जिल्लाको हेटौंडामा निर्माणाधीन दूध पाउडर प्लान्टको निर्माण भई परीक्षण कार्य भइरहेको।<br>• हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य ७५ प्रतिशत सम्पन्न भएको । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • बागमती प्रदेशको १३ वटै जिल्लाहरूमा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरी १०,१८,३२१ भेडा बाख्रालाई पिपिआर रोग विरूद्धको खोप लगाइएको ।<br>• बागमती प्रदेशका करिब २,८०,८०० पशुहरूमा खोरेत रोग विरूद्धको खोप, ७,६८६ वटा पशुहरूमा रेविज रोग विरूद्धको खोप, १,४१,१६४ गाई भैंसीमा लम्पी स्कीन खोप निःशूल्क रूपमा लगाइएको ।<br>• स्थानीय तहसँगको समन्वयमा प्रदेशका २५ स्थानमा "एक वडा एक पशु स्वास्थ्य क्लिनिक" स्थापनाका लागि निर्माण कार्य भइरहेको ।<br>• बागवानी विकास फार्म केन्द्रहरूबाट फलफूल तथा तरकारी, फलफूल तथा तरकारी बेर्ना, बीउ आदिको बिक्री वितरणबाट जम्मा १५.६ प्रतिशतले वृद्धि |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | भई १ करोड ८४ लाख ३१ हजार रूपैंया राजश्व आम्दानी भएको ।<br>• कृषि क्षेत्रमा प्रवाह भइरहेको अनुदान कार्यलाई व्यवस्थित बनाउन तीन जिल्लाबाट बीउ पूँजी परिचालन कार्यक्रमको शुरूवात गरिएको ।<br>• गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माणाधीन रहेको ।<br>• बीउबिजन आत्मनिर्भर कार्यक्रमअन्तर्गत चितवन, मकवानपुर, धादिङ्ग र काभ्रे जिल्लामा ४ वटा बीउ गोदाम घर तथा प्रशोधन एकाई स्थापना भई करिब २०० मे.ट. श्रोत तथा उन्नत बीउ भण्डारणका लागि सहजता भएको । |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • प्रदेशमा मत्स्य उत्पादन अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित मत्स्यपालन क्षेत्र विस्तार तथा उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गत १७.२९ हेक्टर क्षेत्रफलमा नयाँ पोखरी निर्माण गरी मत्स्यपालन गरिएको । |
| ९ | **वन तथा वातावरण** | • स्थानीयस्तरमा काठ दाउराको सहज आपूर्तिका लागि मकवानपुरलगायत विभिन्न जिल्लाहरूमा काठ डिपोको स्थापना तथा सञ्चालन भएको।<br>• काठमाडौंको धोबी खोला र ललितपुरको कर्मनाशा खोला प्रदूषणमुक्त अभियान विशेष कार्यक्रमको कार्यान्वयनमा सम्बन्धित स्थानीय तह र सरोकारवालाहरूको समन्वयमा जनसहभागिताका साथ सरसफाई तथा स्वच्छता अभियान कार्य सम्पन्न भएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका १३ स्थानहरू (स्वयम्भू काठमाडौं, सन्तानेश्वर ललितपुर, डोलेश्वर भक्तपुर, भिमेश्वर दोलखा, पलाञ्चोक भगवती काभ्रेपलाञ्चोक, गौरती भिमसेन सिन्धुपाल्चोक, भैरवी मन्दिर धादिङ्ग, देवीघाट नुवाकोट, पार्वतीकुण्ड रसुवा, देवघाट चितवन, भुटनदेवी मकवानपुर, सिन्धुलीगढी सिन्धुली, खाँडादेवी मन्दिर रामेछाप) लाई प्रदूषणमुक्त क्षेत्र घोषणा गरी सरसफाई तथा स्वच्छता अभियान कार्य निरन्तररूपमा सञ्चालन भइरहेको।<br>• वन क्षेत्रको उत्पादनशीलता बढाउन हैसियत बिग्रेको १५४ हेक्टर वन क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षणको कार्य भइरहेको।<br>• डिभिजन वन कार्यालयअन्तर्गतका २० वटा सब डिभिजन वन कार्यालयहरूको |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | भवन र वन अनुसन्धान तथा तालिम केन्द्र, गोदावरी ललितपुरमा तालिममा सहभागी हुनेहरूका लागि आवासीय भवनसहित जम्मा २१ वटा भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको।<br>• बाढी पहिरोबाट भएको क्षतिग्रस्त तथा क्षति हुन सक्ने खेतबारी तथा बस्तीहरूको संरक्षणका लागि ८७३ स्थानहरूमा पहिरो/गल्छी उपचार रोकथाम, भूमि पुनरुत्पादन वृद्धि, क्षतिग्रस्त भूमिको पुनरूत्थानलगायत संरचना निर्माण कार्यबाट २८७२ हेक्टर क्षेत्रफल संरक्षण भई ४५,६६७ घरधूरी लाभान्वित भएका ।<br>• बागमती प्रदेशभरि निजी, सामुदायिक तथा सरकारद्वारा व्यवस्थित वनबाट ३१लाख ०८ हजार ८०५ क्यु.फी. काठ र ३०४१ चट्टा दाउरा उत्पादन भएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | • सबै डिभिजन वन कार्यालयहरू बाट ९ लाख ३८ हजार २७९ गोटा बिरूवा उत्पादन भएको।<br>• ९४२.६२ हेक्टरमा वनजन्य तथा फलफूल प्रजाति वृक्षारोपण गरिएको र ६१.४५ हेक्टरमा अतिक्रमण नियन्त्रण गरी वृक्षारोपण गरिएको ।<br>• ५००० रोपनी निजी जग्गामा र ७००० रोपनी वनक्षेत्रमा व्यवसायिक रूपमा जडीबुटी वितरण तथा रोपण कार्य गरिएको।<br>• १२ लाख ६० हजार२५०.७० किलोग्राम जडिबुटी संकलन तथा बिक्री बितरण गरिएको।<br>• ९७ हजार ६५४ किलोग्राम खोटो संकलन तथा बिक्री वितरण गरिएको।<br>• ३८ वटा वनमा आधारित उद्यम विकास दर्ता भएको । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • **समुदायमा आधारित वन क्षेत्रको व्यस्थापनका लागि नवीकरण तथा कार्ययोजना तयारी (संख्या) :**<br>• सामुदायिक वनः ३६५ वटा ३२,१२८.०८ हेक्टर<br>• कबुलियती वनः ३५० वटा ११९७.२० हेक्टर<br>• **नयाँ सामुदायिक वन हस्तान्तरण/दर्ता**<br>• सामुदायिक वनः १४ वटा २३८१.८५ हेक्टर<br>• ६,१४,१७२ श्रमदिन बराबरको रोजगार सृजना<br>• **बाल उद्यान/पार्क निर्माणः ३६ वटा**<br>• **संकलन भएको राजस्व रू. १९ करोड १८ लाख ९२ हजार १०२.५१** |
| १० | **आन्तरिक मामिला, शान्ति** | • चिसो मौसमलाई मध्यनजर गर्दै सिन्धुली जिल्लाको घ्याङलेख गाँउपालिका वडा नं. २ का अतिसिमान्तकृत थामी जातिका ९३ |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | **सुरक्षा, सञ्चार तथा विपद् व्यवस्थापन** | घर परिवार, कमलामाई नगरपालिका वडा नं.१ का लोपोन्मुख १२० हायु परिवार, मरिण गाँउपालिका वडा नं. ७ का अतिसिमान्तकृत थामी जातिका ५१ घर परिवार र मनहरी गाँउपालिका वडा नं.४ का २२ घर वनकरिया परिवारलाई प्रति परिवार २ थान तथा हरिहरपुरगढी गाउँपालिका वडा नं.४ का सिमान्तकृत पहरी समुदायका ४८ घरधुरीलाई ४८ थान गरी जम्मा ३५६ घरधुरीलाई जम्मा ६६६ थान न्यानो ओढने (फाईबर सिरक) सम्बन्धित स्थानीय तहको समन्वयमा वितरण गरिएको।<br>• मनसुनजन्य विपद् प्रभावित र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि प्रदेश सरकारको हिस्साबापत् विभिन्न जिल्लाका २१३४ लाभग्राहीको लागि कूल |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | | रू. ९ करोड १४ लाख ८५ हजार रूपैयाँ प्रदान गरिएको । <br>• मकवानपुर जिल्लाका गाउँपालिकाहरूमा विपद्सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको। <br>• संविधान दिवस (राष्ट्रिय दिवस), गणतन्त्र दिवस, प्रजातन्त्र दिवसलगायतका विभिन्न समारोहको प्रदेशस्तरीय मूल समारोह समिति गठन गरी विभिन्न कार्यक्रमहरू आयोजना गरिएको । <br>• मन्त्रालयको आयोजना र सुरक्षा निकायहरूसँगको समन्वयमा चितवनको नारायणी नदीको किनारमा विपद् व्यवस्थापनसम्बन्धी जलउद्धार कृत्रिम अभ्यास कार्यक्रम सम्पन्न गरिएको। <br>• विपद् व्यवस्थापनका सम्बन्धमा रामेछाप, काभ्रेपलाञ्चोक, रसुवा र दोलखा जिल्लाका |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | विभिन्न निकाय तथा सरोकारवालाहरूसँग अन्तर्किया कार्यक्रम गरिएको।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि उपत्यका बाहिरका १० जिल्लाका १० स्थानीय तहलाई १० लाखका दरले कूल रू. १ करोड रकम प्रदान गरिएको।<br>• जिल्ला प्रशासन कार्यालय सिन्धुलीलाई राहत वितरण प्रयोजनार्थ कूल रू.१० लाख र गोलन्जोरमा विपद् वेस स्थापना सहयोगको लागि कूल रू. ५ लाख ९६ हजार प्रदान गरिएको।<br>• बहुवर्षीय आयोजना (विपद् गुल्म भवन निर्माण, सुरक्षाकर्मी आवास गोदामघर काभ्रे) निर्माण अन्तिम चरणमा रहेको।<br>• अन्तरप्रदेश सहयोगस्वरूप कर्णाली प्रदेशमा प्रभावित भूकम्प पीडितलाई अन्तरप्रदेश सहयोगस्वरूप खोज उद्धार, |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | उपचार, राहत तथा पुनर्स्थापनाको लागि रू. १ करोड ५० लाख प्रदान गरिएको।<br>• विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्थानीय तहहरूलाई रू. २ करोड ३५ लाख प्रदान गरिएको ।<br>• बागमती प्रदेशअन्तर्गतका ७२ गाउँपालिकामा स्थानीय न्यायिक सहजकर्ता छनौट र सिफारिस गरी क्षमता अभिवद्धिसमेत गरिएको।<br>• जिल्ला ट्राफिक कार्यालय मकवानपुरको संयोजनमा प्रदेशभित्रका विभिन्न ५ वटा राजमार्ग वरिपरिका विद्यालयमा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरीएको तथा सिन्धुली र चितवन जिल्लामा ट्राफिक समुदाय संवाद कार्यक्रम सम्पन्न भएको।<br>• सिन्धुली जिल्ला कारागार कार्यालयलाई २ थान आधुनिक विद्युतीय Rice Steamer प्रदान गरिएको । |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • २१ वटा क्रमागत र ५ वटा नयाँ प्रहरी एकाई भवनको निर्माणका लागि अख्तियारी प्रदान गरिएको । हालसम्म ८ वटा प्रहरी भवनको उद्घाटन गरिएको।<br>• प्रदेशस्तरीय सुरक्षा तथा अपराध अनुसन्धान गोष्ठी, धुलिखेल तथा प्रदेशस्तरीय सुरक्षा गोष्ठी मकवानपुर हेटौंडामा सम्पन्न भएको।<br>• २३ वटा प्रहरी एकाईको संरचनात्मक सुधारको लागि सम्बन्धित एकाईलाई २६ करोड ५५ लाख रूपैयाँको अख्तियारी प्रदान गरिएको ।<br>• २५ वटा शान्तिपार्कको पूर्वाधार स्तरोन्नति तथा निर्माणका लागि सम्बन्धित स्थानीय तहमार्फत निर्माण कार्य भएको ।<br>• आत्महत्या न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सिन्धुली |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | जिल्लाका ५ वटा विद्यालयमा सञ्चालन गरिएको।<br>• शान्ति सुरक्षालाई सुव्यवस्थित बनाउने उद्देश्यले जिल्ला सुरक्षा समितिको समन्वयात्मक बैठक प्रदेशका सबै जिल्लामा सम्पन्न गरिएको ।<br>• प्रदेशका आन्तरिक मामिला हेर्ने मन्त्रालयहरूको कार्यक्षेत्र तथा अधिकारसम्बन्धी गोष्ठी सबै प्रदेशका आन्तरिक मामिला हेर्ने मन्त्रीज्यूहरूको सहभागिता सम्पन्न गरिएको।<br>• सञ्चारकर्मीको क्षमता अभिवृद्धिका लागि अनलाईन पत्रकारिता तालिम, रेडियो प्राविधिकहरूलाई तालिम, मल्टिमिडिया तथा मोबाइल पत्रकारिता, लेखन तथा सम्पादन तालिम सम्पन्न गरिएको ।<br>• ४४० जना पत्रकारहरूको सामुहिक दुर्घटना बीमा साथै १५३ वटा नयाँ |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | पत्रकार परिचयपत्र वितरण, ६६ वटा अनलाईन पत्रकारिता ईजाजतपत्र प्रदान तथा २५० वाट क्षमता भएका २ एफ.एम. रेडियोलाई ईजाजत प्रदान गरिएको। |
| ११ | **उद्योग, वाणिज्य, भूमि तथा प्रशासन** | • प्रदेश सरकारका तर्फबाट उद्योग तथा वाणिज्य क्षेत्रको नीतिगत तथा कानुनी सुधारका लागि प्रस्तावित संशोधन विधेयकमा सरोकारवालाहरूसँग अन्तर्क्रिया गरिएको।<br>• उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइएको।<br>• आकस्मिक तथा नियमितरूपमा गरी १५१३ वटा व्यापारिक फर्महरूको अनुगमन गरिएको। जसबाट करिब |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | रू.६,००,०००।- बराबर जरिवाना तथा रू. ४,००,०००।- बराबरका म्याद नाघेका सामग्रीहरू नष्ट गरिएको।<br>• नियमित रूपमा हालसम्म १५१३ वटा व्यापारिक फर्महरूको अनुगमन गरिएको। जरिवाना तथा म्याद नाघेका सामान नष्ट गरिएको ।<br>• प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको।<br>• हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट उद्योग, रिद्धिसिद्धि सिमेन्ट उद्योग, NEEK ट्रान्सफर्मर आदिको स्थलगत अवलोकन गरी अध्ययन प्रतिवेदन तयार गरिएको।<br>• चाडपर्व लक्षित गरी साल्ट ट्रेडिङ कर्पोरेसनसँगको सहकार्यमा प्रदेशभित्रका |

| क.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | २४ स्थानमा सुपथ मूल्य पसलहरू सञ्चालन गरिएको ।<br>• "**<u>स्वदेशी उत्पादन अभियानःउद्यमीको सम्मान</u>**" भन्ने नाराका साथ नवौं उद्योग दिवसका अवसरमा सरोकारवालाहरू सँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको ।<br>• संविधान दिवसअवसरमा हेटौंडामा प्रदेश हस्तकला प्रदर्शनी आयोजना गरिएको।<br>• भूमिसम्बन्धी समस्या हल गर्न प्रदेशभित्रका मालपोत र नापी अधिकृतसँग अन्तर्क्रिया गरिएको। |
| | **पर्यटन तथा सहकारी** | • यस अवधिमा सहकारीसम्बन्धी २३६ उजुरी परेकोमा ३४ सहकारीहरू माथि थप छानविन र कारवाहीका लागि नेपाल प्रहरी समक्षलेखी पठाइएको ।<br>• प्रदेशअन्तर्गत नयाँ दर्ता ३० सहित ३२३४ वटा सहकारी रहेका । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • सन् २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षका रूपमा मनाउन २०८० पौष १६ बाट औपचारिकरूपमा शुरूवात् गरिएको।<br>• विभिन्न पर्यटकीय पदमार्ग, मठ-मन्दिर, गुम्बा, पार्क, पिकनिक spot and shed, सार्वजनिक शौचालय, पर्यटन सूचना केन्द्र, होमस्टे, कोशेली घरको निर्माणमार्फत करिब ३५०० सेवाग्राहीहरू लाभान्वित भएको।<br>**सम्झौता भई कार्यान्वयनमा रहेका विभिन्न १७ वटा भौतिक पूर्वाधार निर्माणसम्बन्धी देहायबमोजिमका कार्यहरू सम्पन्न भएकाः**<br>• शैलुङ पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण, दोलखा (बगैंचा, उद्यान, गोलघर, शौचालय, मनोरञ्जन पार्क)<br>• चिम्टेश्वरमा वन बगैंचा पार्क र भ्यू टावर निर्माण कार्यक्रम, नुवाकोट (नमूना गन्तव्य)<br>• तोप्लाङ्ग भ्यू टावर निर्माण, धादिङ। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • जिरी हिल स्टेशन प्याकेज, दोलखा (भ्यू टावर, बहुउद्देशीय भवन र वन बगैंचा) (नमूना गन्तव्य)<br>• सिन्धुलीगढी हिल स्टेशन प्याकेज, सिन्धुली (बहुउद्देशीय भवन र वन बगैंचा)।<br>• सिन्धुलीगढीको रानी दरबार पूर्ननिर्माण, सिन्धुली<br>• सांस्कृतिक सम्पदा तथा मुद्रा संग्राहालय भि.न.पा. २ मा पूर्वाधार निर्माण, दोलखा<br>• वी.पी. सङ्ग्राहलय, सुन्दरीजल काठमाडौंमा भौतिक पूर्वाधार निर्माण (दोश्रो चरण)<br>• सिद्धबाबा मन्दिरदेखि सिद्धबाबा भ्यूटावरसम्म पर्यटकीय पदमार्ग र भ्यूटावर परिसरमा शौचालय निर्माण, सिन्धुली(अन्य सार्वजनिक निर्माण)<br>• गोगनपानी सुलीथुम्का खाँडादेवी-५, रामेछापस्थित भ्यू टावर जाने रेलिङ्ग सहितको पर्यटकीय पदमार्ग, धार्मिक स्थल एवं अन्य पर्यटकीय पूर्वाधार निर्माण । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • एडमण्ड हिलारी तेन्जिङ नोर्गे पदमार्ग निर्माण (लामोसाघुँबाट पेड्कु खण्ड), सुनकोशी, सिन्धुपाल्चोक<br>• थानकोट त्रिभुवन पार्कको सुरक्षार्थ पर्खाल निर्माण लगायतका भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार, काठमाडौं ।<br>• ककनी हिलस्टेशन प्याकेज कार्यक्रम, नुवाकोट<br>• चित्लाङ्ग हिलस्टेशन प्याकेज कार्यक्रम, मकवानपुर<br>• लगलगेपाखा सामुदायिक वनमा पर्यटकीय पूर्वाधार निर्माण, काठमाडौं<br>• फुर्बा लेखङ गुम्बा पूर्वाधार निर्माण, भीमेश्वर-७, दोलखा<br>• निलकण्ठ पार्क निर्माण, निलकण्ठ-१२, धादिङ्ग<br>• ऐतिहासिक मकवानपुर गढीको जिर्णोद्वार तथा पूर्वाधार निर्माणको कार्य भइरहेको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| १२ | **श्रम, रोजगार तथा यातायात** | • आर्थिक वर्ष २०७९/८० यातायात क्षेत्रबाट कूल रू. १२ अर्ब ८४ करोड ६९ लाख ८१ हजार राजश्व संकलन भएको। चालू आर्थिक वर्षको प्रथम त्रैमासिकसम्ममा ३ अर्ब ७५ लाख संकलन भएको।<br>• २,०४,८६५ जनालाई नयाँ सवारी चालक अनुमतिपत्र वितरण गरिएको।<br>• १,०७,२१९ वटा सवारी दर्ता गरिएको।<br>• श्रमिक पञ्जीकरणका लागि अन्तरराष्ट्रिय श्रमिक सङ्गठनसँग समन्वय भइरहेको।<br>• सवारी अभिलेख डिजिटलाईजेसन तथा स्मार्ट सवारी चालक अनुमती पत्र छपाईका लागि खरिद प्रक्रियाको तयारी अन्तिम चरणमा पुगेको। |
| १३ | **खानेपानी तथा सिँचाई** | • यस अवधिमा कूल ६३ वटा ठूला आयोजना, ५३ वटा स्किम आयोजना |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | सम्पन्न भई ७६४८० जना व्यक्ति थप लाभान्वित भएको।<br>• ३९४ वटा विद्युत पोल जडान भएको। २७ कि.मि ग्रामीण विद्युतीकरण र ४१८ वटा सौर्य/विद्युतीय उर्जा जडान भएको।<br>• यस अवधिमा मर्मत बाहेकका ११५ वटा सिंचाई योजना सम्पन्न। ५२५ वटा सिंचाई योजना मर्मत तथा ४८६ वटा नदी नियन्त्रण योजना सम्पन्न भएको।<br>• यस अवधिमा थप १९४२ हेक्टर सिंचित क्षेत्र बिस्तार र थप ८६०९ हेक्टर सिंचित क्षेत्र सुधार भएको।<br>• खानेपानी, गुणस्तर सुधार, ढल निर्माण तथा सहलगानीका आयोजनाहरू सञ्चालन भई थप ७६४८० जना व्यक्ति लाभान्वित भएको। |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • ११ वटा स्रोत संरक्षण तथा २ वटा ढुङ्गेधारा पुनःस्थापना भएको।<br>• ८ वटा सार्वजनिक शौचालय निर्माण र ३ कि.मि. ढल प्रणाली निर्माण भएको।<br>• ५० कि.मि तटबन्ध/पर्खाल निर्माण, ९ वटा स्पर/स्टड निर्माण भएको।<br>• नदी नियन्त्रण/पहिरो रोकथामतर्फ ५० कि.मि तटबन्ध/पर्खाल निर्माण कार्य सम्पन्न भएको।<br>• नारायणी लिफ्ट प्रणाली आधुनिकीकरण कार्य ९० प्रतिशत सम्पन्न भएको ।<br>• प्रदेशभर २५५ वटा साना सिचाईं कार्यक्रममार्फत थप २३२ हेक्टर जमिनमा सिचाईं व्यवस्था भएको। |
| १३ | **अन्तर तह समन्वय तथा सहकार्य** | • राष्ट्रिय योजना आयोगबाट तयार भइरहेको १६ औं योजनाको मस्यौदाउपर प्रदेशस्तरीय छलफल कार्यक्रममा सहजीकरण गरिएको । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हेटौंडामा आयोजना गरिएको तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जनउपर प्रदेशस्तरीय छलफल कार्यक्रमको सहजीकरण गरिएको।<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघको आयोजनामा तहगत अधिकारहरूको कार्यविस्तृतीकरण विषयक अन्तरक्रिया कार्यक्रम हेटौंडामा सम्पन्न भएको।<br>• अन्तरप्रदेश मुख्यमन्त्री बैठक सम्पन्न भएको।<br>• साझा अधिकार, अन्तरसरकारी सम्बन्ध र समन्वय विषयमा संघीय र प्रादेशिक सेवा प्रदायक कार्यालयहरू एवम् पाँच जिल्लाका १० वटा स्थानीय तहहरू बीच अन्तरक्रिया सम्पन्न भएको । |

| क्र.सं | क्षेत्र | सम्पन्न प्रमुख कार्यहरू |
|---|---|---|
| | | • सातवटा स्थानीय तहहरू (काठमाडौं, ललितपुर र भरतपुर महानगरपालिका एवम् भिमेश्वर, महालक्ष्मी, पाँचखाल र नागार्जुन नगरपालिका) लाई भगिनी सम्बन्धसम्बन्धमा माग गरिएअनुसार कानूनी परामर्श प्रदान गरिएको । <br>• तीनवटा स्थानीय तह (महालक्ष्मी नगरपालिका, लिखु र बलेफी गाउँपालिका)हरूको सिमाना तथा वडा संख्या हेरफेरका लागि माग गरिएको राय कानुनअनुसार सङ्घीय सरकारमा पठाइएको। |

****

# सान्दर्भिक तस्विहरू




*अन्तरप्रदेश मुख्यमन्त्री बैठक, बागमती प्रदेश, हेटौडा (मिति २०८०।०९।१३)*



*अन्तरप्रदेश मुख्यमन्त्री बैठक, हेटौंडाको निर्णय सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत गर्दै मा.मुख्यमन्त्रीज्यूहरू (मिति२०८०।०९।१४)*



अन्तरप्रदेश मुख्यमन्त्री बैठक, गण्डकी प्रदेश, पोखरा (मिति २०८०।०३।१५)


माननीय मुख्यमन्त्री श्री शालिकराम जम्कट्टेलज्यूको शपथ ग्रहण समारोह (मिति २०७९।०९।२६)